

# सङ्कल्प र प्रयासको पहिलो वर्ष

*अवधि: २०७९-०९-१०- २०८०-०९-०९*


**सुनिता बराल**

*सदस्य: प्रतिनिधि सभा*

*संसदीय समिति:: अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन*

*पार्टी: नेकपा (एमाले)*

***sunitabaral.com***


***सुनिता बराल-©***

नागरिकका अथाह अपेक्षा, आशा र चाहनाहरु अनि समयको माग अनुसार देशको भबिष्य कोर्ने सङ्कल्पलाइ गर्नुभएको माया र सद्भाव सहितको समर्थनले प्राप्त प्रतिनिधि सभा सदस्यको जिम्मेवारी प्राप्त गरेको एक बर्ष पूरा भएको छ । समृद्ध नेपालको खाका प्रस्तुत गरेरै आम नागरिकका बिचमा आएका थियौं । तमाम घेराबन्दीका बिच यहाँहरुले गर्नुभएको मायाप्रति हामी कृतज्ञ छौँ ।

सार्वजनिक पद धारण गरेको व्यक्ति त्यसमाथी राजनीतिमा संलग्न व्यक्तिको प्रमुख जिम्मेवारी भनेको पारदर्शीता एवं जवाफदेहिता हो भन्ने मैले मानेकी छु । राज्य संचालनको प्रमुख अंगमा रहेर जनतालाई प्रतिनिधित्व गर्न पाउने अवसर आफैमा विशेष र जिम्मेवारीको हिसाबले असाध्यै महत्वपूर्ण रहने हुँदा देश र जनताप्रतिको जवाफदेहितामा म प्रतिबद्द छु ।

२०७९ मंसिर ०४ गते सम्मपन्न चुनावबाट नेकपा (एमाले) को तर्फबाट समानुपातिक सांसदको रूपमा सपथ ग्रगण गरी सांसदकोरूपमा जिम्मेवारी ग्रहण गरेको ठिक एक वर्ष पुगेको छ । प्रतिनिधिसभाको सदस्यकोरूपमा मेरो जिम्मेवारीलाई मैले प्रयासहरुको मूर्त कार्यान्वयनको चरणसम्म पुर्याउने संकल्पको रूपमा लिएकी छु । सांसदको भूमिकामा मेरो प्रथम वर्षलाई मैले लामो समय विद्यार्थी आन्दोलन र विकासका विभिन्न अवयवको प्रत्यक्ष साक्षीको अनुभवलाई नीति निर्माणको व्यवहारिक तहमा कार्यान्वन गर्ने र सिक्ने अवसरका रूपमा उपयोग गरेकी छु ।

विगत एक वर्षमा संघीय संसदका बैठक एवं संसदीय समितिका बैठकहरुमा नीतिगत र सार्वजनिक महत्व एवं चासोका विषयलाई समष्टिमा यसै रिपोर्ट मार्फत सार्वजनिक गरेकी छु । एक वर्षमा संघीय संसदका बैठक एवं संसदीय समितिका बैठकहरुमा नीतिगत र सार्वजनिक महत्व एवं चासोका विषयलाई यस प्रकार उठान गर्ने प्रयास गरे, आगामी दिन तपाईं हरुको सुझाव अनुसार थप परिस्कृत गर्ने नै छु । हामीले बनाएको विधि र व्यवस्था अनुसार हामीले जिम्मेवारी सम्हालेर परिणाम देखाउने अवसर नपाएर प्रतिपक्षमा बसेर सचेत गराउने जिम्मेवारीमा रहेका छौँ । यद्यपि जनताका एजेण्डामा सङ्गै उभिएर गलत क्रियाकलापमा सशक्त खबरदारी गरिरहेको छु । सदन , सडकमा मतदाता र आम नागरिकसङ्गै छु । र आगामी वर्षहरुमा समेत यसरीनै प्रतिबद्द रहेर सदनमा आवाजलाई बुलन्द गर्नेछु ।

यस दौरान मैले संसद भित्र दुई खाले भूमिकामा रहेर कार्य गरेकी छु:

***१.संघिय सांसदको भूमिका***

***२.अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समिति सदस्यको भूमिका***

प्राप्त दुवै जिम्मेवारीको परिधिबाट मैले पहिलो वर्ष समृद्धि तर्फको यात्रालाई यथार्थमा परिणत गर्न निम्न बमोजीमका विषयलाई नीतिगत वा अन्य उपलब्ध माध्यमबाट समाधान र निकासको पाटोलाई संसद र समिति बैठकहरुमा प्रस्तुत गरें ।

**अधिवेशनः दुवै**

**अवधिः २०७९/०९/२५ – २०८०/०१/१५ र २०८०/०१/२४ – ०७/१६**

सुझावका लागिः

९८५१०३८१२३

sunitabaral.brt@gmail.com

# संसदको बैठकमा राखेका विषयहरुः

## १. शिक्षा सम्बन्धित विषय

### क. संघिय शिक्षा ऐनका सम्बन्धमाः २०७९ चैत्र १३

लामो समय अडकेर बसेको संघिय शिक्षा ऐन कार्यान्वयनमा गएको थिएन जसले गर्दा शैक्षिक क्षेत्रलाई गाइड गर्ने आधारहरु स्पष्ट थिएनन् । संघिय शिक्षा ऐनको विषयलाई सर्वप्रथम संसदको विशेष समयको उपयोग गर्दै मैले निम्न धारणा राखेकी थिएँ ।

*"संविधानमा समाजवाद उल्लेख गरेका हामी नेपालीहरुको आजको शिक्षाको अवस्था के छ ? आधारभूत शिक्षामा राज्यले दायित्व लिने प्रतिबद्धता किन यसरी भद्रगोल भएको छ ? राणाहरुले समेत शिक्षा राज्यको जिम्मेवारी हो भनेर पाठशाला खोल्न अभियान नै चलाएर सामुदायिक विद्यालयको सुरुवात गरेका थिए । तर, सामुदायिक अर्थात सरकारी विद्यालयको शिक्षा दिन प्रतिदिन ओरालो लाग्नुले हाम्रो समाजवादको गन्तव्य र राज्यको दायित्व मेल खान्छ त ? संसदमा बरालले प्रश्न उठाएकी छन् ।*

*संविधान जारी गरेको ७ बर्ष बित्दा पनि हामीले संघीय शिक्षा ऐन किन ल्याउन सकेका छैनौ ? संघीय शिक्षा ऐन आउन नसक्दा प्रदेश र स्थानीय तहका ऐन कानुनहरु बाझिँदा शिक्षा क्षेत्र तहस नहस भैसकेको छ । त्यसकारण तत्काल संघीय शिक्षा ऐन आउन आवश्यक छ ।*

*सामुदायिक विद्यालयमा काम गर्ने कर्मचारी र पूर्व प्राथमिक तहमा पढाउने इसीडी शिक्षकहरुलाइ न्युनतम पारीश्रमिक समेत नभएको अवस्था छ उनीहरुलाइ शिक्षा ऐनले समेत स्पष्ट चिन्न सकेको छैन । संघीय शिक्षा ऐनले यी समस्या समाधान गर्नुपर्छ ।*

*संघीय शिक्षा ऐन नहँदा विद्यालय व्यवस्थापन समिति गठ्न, प्रधानाध्यापक नियुक्ति, दरबन्दी समायोजन, शिक्षक दरबन्दीको समस्या समाधान लगायतका तत्काल गर्नुपर्ने कामहरु गर्न पनि ऐन पारित गर्नेतिर लाग्नुपर्ने छ ।*

*विश्वविद्यालय स्थापना र विश्वविद्यालय शिक्षाका विषयमा समेत भद्रगोल हुनु देशकै लागि दुर्भाग्य हो । प्रविधि प्रयोग, रोजगारी निर्माण र देशका लागि आवश्यक जनशक्ति निर्माण गर्ने खालको शिक्षा र त्यसमा राज्यको दायित्व बोधको सुनिश्चितताको खाँचो देखिएको छ ।*

*उच्चस्तरीय शिक्षा आयोगले बुझाएको प्रतिवेदन किन कार्यान्वयन आएन ? आयोग गठन र प्रतिवेदन मात्रै बुझाउने कुराले सरकारका काम प्रति जनविश्वास गुम्नेतिर किन ध्यान जादैन ? म सम्माननीय सभामुखज्यू मार्फत सरकारलाई यो विषयलाई प्राथमिकतामा राख्न अनुरोध गर्दछु ।"*

## ख.शिक्षकहरुसँग भएको सहमतिको विषयको कार्यान्वयनका निम्ति ध्यानाकर्षणः २०८० असोज १९

विद्यालय शिक्षा ऐनको विषयलाई संसदको पहिलो बैठकबाटै मैले निरन्तर महत्व दिइनुपर्ने भन्दै सरकारलाई ध्यानाकर्षण गराएकी थिएँ। लामो समयपश्चात आएको विद्यालय शिक्षा ऐनलाई हेरर खुशी हुनुपर्ने ठाउँमा त्यसले शिक्षा क्षेत्रलाई पूर्णतः सम्बोधित गर्ने नसकेका कारणले समष्टिमा ऐनको सैद्धान्तिक छलफलका क्रममा ऐन र शिक्षकहरुसँगको सहमतिको विषयलाई संसदलाई ध्यानाकर्षण गराएकी थिएँ।

*यस विद्येयकले शिक्षाको माध्यमबाट देशको समृद्दीप्रतिको संकल्पको यात्रालाई अगाडी बढाउन सम्भव छैन्। सरकारले शिक्षककहरुसँग भएको सहमति विपरीत यो विद्येयक टेबुल गरेको छ यसर्थ सरकारले शिक्षकहरु सँगै विद्यार्थी र अभिभावकहरुलाई ढाँटेको छ। त्यसकारण यसमा धेरै विषयहरु संशोधन गरिनुपर्दछ।*

*क. शिक्षकहरुसँग भएको सहमतिको विषयलाई समितिले विशेष ध्यान दिनुपर्छ।*

*ख. विद्यालयमा काम गर्ने शिक्षकहरुका विभिन्न तहहरु छन्। भद्दा तहहरुले गर्दा पनि धेरै समस्या शृजना भएको छ। यो भद्दा तहलाई न्यूनिकरण गरिनुपर्छ।*

*ग. आधारभूत तहदेखी विश्वविद्यालयीय शिक्षालाई जोड्ने ऐनको खाँचो छ।*

*घ. अपाङ्गता भएका शिक्षकहरुको सरूवा र कार्यक्षेत्रको विषयमा समेत यो विद्येयक मौन रहेको छ त्यस विषयलाई समेत सम्बोधन गरिनुपर्छ।*

*ङ. सबै तहका सरकार र शिक्षा हेर्ने निकायको संतुलित समन्वयको खाँचो छ।*

## ग. स्वतन्त्र विद्यार्थी युनियनको चुनावका सन्दर्भमाः २०८० चैत्र १५

सम्माननीय सभामुख महोदय,

स्वतन्त्र विद्यार्थी युनियनले नेपाली राजनीतिक वृत्तमा अत्यन्तै महत्व राखेको इतिहास छ। ठूलाठूला परिवर्तनहरुमा समेत यसले अग्रमोर्चामा रहेर आन्दोलनलाई अगाडी बढाएको थियो। आवाजविहीनहरुको आवाजलाई बुलन्द गर्ने कार्यसमेत स्ववियुमार्फत हुन्थ्यो। तर आज त्रिभुवन विश्वविद्यालयले घोषणा गरेको स्ववियु निर्वाचनमा सत्ता पक्षका विद्यार्थी संगठनले विभिन्न किसीमका अवरोध गरिरेका छन्। गठबंधन गर्दासमेत अनेरास्ववियुलाई हराउन नसक्दा वातावरण असहज बनाउने कार्य भइरहेको छ। प्रहरी प्रशासनको समेत मिलेमत्तोमा यो कार्य निरन्तर जारी छ।

विद्यालय र विश्वविद्यालय जस्ता शान्ति क्षेत्रमा समेत यो किसीमको हर्कत किमार्थ स्विकार्य हुँदैन् । सरकारका निकट विद्यार्थी संगठनहरुले विद्यार्थीले आफ्नो अधिकारको प्रयोग गरेर आफ्नो साझा सँस्था छान्ने अधिकारबाट वन्चित गरेका छन् ।

हाम्रा शृजनात्मक जनशक्ति तयार भइरहेका छैनन् यसतर्फ समेत हामीले छलफल गरिनुपर्छ । ब्रेनड्रेनको कारण भएको क्षतीको मुल्यांकन समेत गर्न जरूरी छ । सम्भाव्यता बेगर खुलेका प्राविधिक शिक्षालयलाई व्यवस्थित गर्नुपर्नेछ ।

म यस सम्मानित सदन र सभामुखज्यू मार्फत उक्त विषयलाई ध्यानाकर्षण गराउन चाहन्छु ।

## घ. विश्वविद्यालयमा शान्तिपूर्ण वातावरणको लागिः प्रेम चलाउने घटना माथि धारणा- २०८० असार ०४

नेपाल विद्यार्थी संघका विद्यार्थीले निर्घात कुटपिट गरी मरणासन्न छोडेका प्रेम चलाउने माथि आक्रमण गर्ने विद्यार्थीको मुद्दा सरकारले फिर्ता लिने निर्णय गरेको छ । विश्वविद्यालय जस्तो ठाउँमा भएको उक्त घटनाले हाम्रो शैक्षिक क्षेत्रको अशान्तिलाई मलजल गर्ने झुण्डलाई प्रोत्साहित हुने र कानूनी राज्यको धज्जी उडाउने कार्य सरकारले गरेको छ । आज यस देशमा हामीले सुशासन माग्न कहाँ जाने हो? महान्यायधिवक्ताको कार्यालय बाट समेत पत्राचार आएको भन्ने कुरा आएको छ। के सरकारले अब सबै न्यायालय बन्द गर्न खोजेके हो? अब के सरकारले कोहीपनि नेपाली जनताले सरकार छैन् भनेर सन्देश दिन खोजेको हो? कुनै पनि पेशा व्यवसायीहरु आफ्नो कार्यक्षेत्रमा जाने कि नजाने?

म सम्माननीय सभामुखज्यू मार्फत यस्तो किसीमको घटनामा कोही पनि उम्कन नपाउन र यस्ता किसीमका गल्ति पटकपटक नगरियोस् भनि ध्यानाकर्षण गराउन चाहन्छु ।

## २. आर्थिक विषय: विज्ञका कुरा संसदमा

आर्थिक नीति तथा कार्यक्रमले राष्ट्र निर्माणको आधार तयार गर्ने हुँदा उक्त विषयको संवेदनशीलतालाई केन्द्रमा राखेर यो पटकको बजेटमा मैले विभिन्न सरोकारवाला पक्षहरुसँग छलफल गरी उक्त विषयलाई संसदमा प्रस्तुत गरेकी थिएँ ।

'विज्ञका कुरा संसदमा' भन्ने थिममा नयाँ अभ्यासको जमर्को गर्दै विज्ञहरुसँग गरिएको छलफलको निचोडलाई संसदमा प्रस्तुत गरिएको थियो ।

## क. नीति तथा कार्यक्रम माथि सैद्धान्तिक छलफल: २०८०-०१-२५

नीति तथा कार्यक्रम र बजेटको निर्माणका सम्बन्धमा राखेको छ बुँदे सुझाव ।

१. राजस्व बाट साधारण खर्च धान्न सकिएको छैन । साधारण खर्च गरिने क्षेत्रको सेवा समेत उत्साहाबर्धक छैन। तलब/पेन्सन लिने जनशक्तिको सेवा कस्तो छ भनेर सर्वेक्षण गर्दा तथ्य थाहा हुन्छ तसर्थ सार्वजनिक सेवा प्रशासनको पुनर्संरचना र अन्य क्षेत्रको उत्पादकत्व बढाई आर्थिक भर कम गर्न ध्यान दिनुपर्छ।

२. पुँजीगत खर्च वृद्धि गर्ने कुरो राम्रो तर पुँजीगत खर्च गर्ने श्रोत कुन हो ? अनुदान र बाह्य ऋण जस्ता अनिश्चित श्रोतमा भर परेको पुँजीगत खर्च गर्न कति सम्भब होला? अहिले पनि निर्माण व्यवसायीले सरकारबाट भुक्तानी नपाएको अवस्था छ तसर्थ तथ्यमा आधारित हुन् ध्यानाकर्षण गराउँदछु ।

३.कृषि क्षेत्र प्राथमिकता मा पर्नु आवश्यक छ । रसायनिक मलको दिर्घकालिन समाधानका लागि प्राङ्गारिक मल उत्पादनमा ध्यान दिन जरुरि छ । भुमि को चक्लाबन्दिले उत्पादनमा ह्रास भए को छ यसलाई व्यवस्थित गर्दै अघिल्लो सरकारले ल्याएको भूमि आयोगको कामलाई अगाडि बढाउनु पर्दछ अववस्थित बसोबासले उत्पादन क्षेत्र घटाइ रहेको छ , एकिकृत बस्ति मार्फत यस किसिमको भूमिलाई उत्पादनमा उपयोग गर्नु पर्दछ ।

४. शिक्षा देश विकासको मेरुदण्ड हो । यसका लागि शिक्षकलाई सबैभन्दा सम्मानित र आकर्षक पेशा को रुपमा बनाउन जरुरी छ तबमात्र देशको समृद्धिको खाका कोर्न सफल हुन्छौं, त्यसकारण यसलाई सबैभन्दा सम्मानित पेशा बनाउनु पर्छ, देश को समृद्दिका लागि यो आवश्यक छ, प्राविधिक शिक्षा लाई प्राथमिकता दिने भनिएको छ तर अहिले ७३ वटा नर्सिङ कलेज बन्द, १३६ प्राविधिक शिक्षालय बन्द भएको समचार आज मात्रै आए को छ जसले गर्दा हजारौको रोजगारी बन्द भयो लगानिकर्ताको लगानि अलपत्र भयो, यसरि हामि कहा जाँदै छौं ? कस्तो निति बनाउदै छौं? विशेष ध्यानाकर्षण गराउन चाहन्छु,

५.व्यापारघाटा कम गर्न हामीले अन्तर्राष्ट्रिय बजारमा बेच्ने/ निर्यात गर्ने कुरा राखेका छौं यसलाई प्राथमिकिकरण गर्न जरुरि छ, निर्यात गर्ने बस्तु र अनुदान को सन्दर्भमा नेपाली मौलिक उत्पादन र कृषिजन्य सामान लाई प्राथमिकता दिनु पर्दछ,

६.नीतिगत समन्वयको कमीले राज्यले भार बोकेको देखिन्छ, जस्तै : उस्तै काम गर्ने कर्मचारी संचय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोषको एकीकरण गरे हुदैन ? पासपोर्ट लिँदा बायोमेट्रिक लिने, राष्ट्रीय परिचय पत्र लिदा बायोमेट्रिक लिने, जग्गा पास गर्दा बायोमेट्रिक लिने, एअरपोर्टमा बायोमेट्रिक लिने यसलाई एकीकृत रुपमा एउटा नम्बरमार्फत समन्वय गर्दा राज्यको खर्च जोगिँदैन ? किन राज्य जिम्मेवार हुँदैन् ? यो कुरो बजेटले सम्बोधन गरोस भन्ने अपेक्षा राखेकी छु ।

## ख. आर्थिक वर्ष २०८०/८१ को बजेटका सम्बन्धमाः श्रोतको गलत आँकलन

'चालु खर्च पुनरावलोकन गर्न, बजेटको सिलिङ पुनरावलोकन र फेरि बजेट पेस गर्न अर्थमन्त्रीसमक्ष आग्रह गर्दछु ।'

बजेटमा आगामी आर्थिक वर्षमा ६ प्रतिशत आर्थिक वृद्धिको लक्ष्य निर्धारण गरिनु खुसीको विषय भए पनि बैंक तथा वित्तीय संस्थाले हाल गरिरहेको कर्जाको अवस्था हेर्दा लक्ष्य हासिल गर्न चुनौती रहेको छ । ६ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न बैंक तथा वित्तिय संस्थाले १५ देखि १८ प्रतिशतको कर्जा विस्तार गर्नुपर्नेमा चालु आर्थिक वर्षको हालसम्मको अवधिमा जम्मा ३.५ प्रतिशतमात्र कर्जा विस्तार हुनुले सरकारले लिएको लक्ष्य पूरा नहुने आँकलन गर्न कठिन छैन् ।

यथेष्ट लगानीबिना शैक्षिक गुणस्तर उकास्न नसकिने हुँदा बजेटले शिक्षा क्षेत्रमा पर्याप्त लगानीको ढोका खोल्न सक्दैन् । उच्च माध्यमिक तहको शिक्षा अध्ययन गरेका युवालाई स्वदेशमै राख्ने नीति सरकारको हुनुपर्नेमा अहिलेको नीति त्यसतर्फ समेत अग्रसर नभएको देखियो।

शिक्षा क्षेत्रको बजेट पनि उचित र अपर्याप्त छ। शिक्षा क्षेत्रमा यथेष्ट लगानीबिना शैक्षिकस्तर उकास्न नसकिने कुरा हामी सबैलाई अवगत छ , भएको लगानीसमेत ठीक ठाउँमा भएको छ कि छैन ? प्रभावकारी अनुगमन गर्नुपर्ने प्रणाली विकास गर्न अत्यावश्यक छ । शिक्षा मन्त्रालयमा बजेट भएर पुग्दैन विश्वविद्यालयमा लगानी बढाएर विद्यार्थीलाई स्रोतको पहुँचमा पुर्याउनेतर्फ ध्यान दिनु आवश्यक छ । राज्यले उच्च माध्यमिक तहको शिक्षा अध्ययन गरेका विद्यार्थीलाई अब देशमा अनिवार्य सर्तमा राख्ने वातावरण बनाउनुपर्छ । युवालाई देशमै राख्ने नीतिमा सरकारले ध्यान नदिएकोतर्फ ध्यानाकर्षण गराउन चाहन्छु ।

मुलुकको आर्थिक विकासका लागि पर्यटन क्षेत्रमा लगानी बढाउनुपर्ने छ तर त्यसमा समेत बजेट मौन रहेको पाएँ। नेपाली मौलिकता जोगाएर एकीकृत पर्यटन विकास गर्नुपर्ने पनि सुझाव दिन चाहन्छु ।

सरकारसँग विदेशबाट पर्यटक भित्र्याउने स्पष्ट योजना नरहेको, राष्ट्रिय ध्वजावाहक नेपाल एयरलाइन्सका जहाजको प्रभावकारी सञ्चालन गर्नेबारे योजना नरहेको देखियो, त्यसतर्फ समेत ध्यान दिन आग्रह गर्छु ।

## ३. सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालको भारत भ्रमणको समिक्षाका सम्बन्धमा: २०८० जेठ २२

जेठ १७-२० सम्म चार दिने भ्रमण सकेर प्रधानमन्त्री प्रचण्ड स्वदेश फर्किएको सन्दर्भमा त्यस भ्रमणको समीक्षात्मक बैठकमा संसदमा मैले निम्न विषयहरु राखेकी थिएँ:

१. अग्निपथ योजनाको बारेमा तपाईंले के-के विषय उठाउनुभयो ?

२. Cross Border Digital Transformation को कुरा गर्दा नेपाली बैंकमा अलपत्र रहेको करोडौं भारती रुपैयाँको बारेमा के-कस्ता सहमति भए प्रधानमन्त्रीज्यू ?

३. नेपालको भूमि सम्बन्धमा संयुक्त राष्ट्रसंघको CONVENTION ON THE LAW OF SEAS ले भूपरिवेष्ठित मुलुकले पाउने अधिकार प्रष्ट दिएको छ, त्यसका आधारमा हामीले पाउने अधिकार हो ? कुन विज्ञलाई तपाईंले विकल्पका छलफलका लागि कुनै प्राधिकार दिएर रिपोर्ट तयार गर्न लगाउनुभएको छ ।

४. प्रधानमन्त्रीज्यूको सार्वजनिक भएका तस्वीरहरूमा जथाभावी व्यक्तिगत उपस्थिति देखिन्छ, न्यूनतम कूटनीतिक मर्यादा पनि तपाईंलाई थाहा नभएको हो ?

## ४.पर्यटक बिरामी पार्नेलाई कारबाही गरिनुपर्ने सन्दर्भमाः २०८० असार ०५

पदयात्राका क्रममा विदेशी पर्यटकको हेलिकोप्टर मार्फत 'फेक रेस्क्यु' का नाममा भइरहेको ठगी रोक्न माग गर्दछु । नक्कली बिरामी बनाएर फेक रेस्कु गर्ने पद्धतिले नेपालको अन्तर्राष्ट्रिय छवि बिग्रिएको छ । बीबीसी र रोयर्टजस्ता अन्तर्राष्ट्रिय समाचार संस्थाले नेपालमा विदेशी पर्यकटलाई उद्धारका नाममा गरिने ठगीबारे सचेत गराएपछि विदेशी बीमा कम्पनीले प्रतिनिधि नै पठाएर सरकारको ध्यानाकर्षण गराएको थियो । ठगीबारे अध्ययन गर्न तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीले सहसचिव घनश्याम उपाध्यायको नेतृत्वमा छानबिन समिति गठन गरेको र समितिले २१ कम्पनीमाथि छानबिनको दायरामा ल्याउन सिफारिस गरेकामा हालसम्म कारबाही भएको छैन् । अहिले विदेशस्थित १४ वटा इन्सुरेन्स कम्पनीले मोर्चा बनाई कडाइको साथ बिल हेर्ने सरकारलाई झझक्याउने कार्य गरेको तर सरकार कानमा तेल हालेर बसेको छ', 'यसले नेपालको पर्यटन क्षेत्र विकृत र अन्तर्राष्ट्रिय क्षेत्रमा बदनाम हुन पगेकाले तुरुन्त छानबिन गरी कारबाही अगाडि बढाइयोस ।

## ५. हवाई टिकटको मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गरेका सम्बन्धमाः २०८० आश्विन १९

आज पर्यटन क्षेत्रमा सरकारले १३ प्रतिशत भन्दा बढी हवाई टिकटमा वृद्धि गरेको छ । यो कही नभएको हवाई टिकटमा मूल्यवृद्धि गर्ने कुरालाई तुरुन्तै फिर्ता लिनुपर्छ र पर्यटकीय क्षेत्रलाई समृद्धिको आधार निर्माण गर्ने कुरामा थप सचेत हुनुपर्छ । पर्यटकीय क्षेत्रमा आउने पर्यटकहरू ७० प्रतिशतभन्दा बढी पोखरा पहिलो गन्तव्य बनाएर आउँछन् । तर,  चार घण्टाको अनुमान गरेर तय गरीएको यात्रा करिब ९/१० घण्टा लाग्ने अवस्था छ । यस्तैखालका सडकका समस्या अन्य धेरै ठाउँमा पनि छन् ।

सहज चाडपर्व मनाउन सडक सञ्जालमा सुरक्षित यात्राको प्रबन्ध सरकारले सबै सडक सञ्जाललाई सुरक्षित बनाउने र यातायातका साधनको प्रयोग गर्दा सचेतता अपनाउन सम्बन्धित सबै सरोकारवाला पक्षलाई निर्देशन दिइयोस् भन्ने विषयमा ध्यानाकर्षण गराउँछु ।

## ६.दुई महिनामा खुइलिने रातो रङ सडकमा पोतेर सरकार समाजवादको गफ दिइरहेको छः २०८० कार्तिक १६

सार्वजनिक यातायातको अवस्था सुधारमा सरकारले कुनै काम गरेको छैन् । काठमाण्डु उपत्यकाको सार्वजनिक यातायात व्यवस्थापन अस्तव्यस्त भए पनि त्यसलाई सुधार गर्न सरकारका तर्फबाट कुनै प्रयास भएको छैन । काठमाण्डु उपत्यकामा यातायात कति जटिल भइरहेको छ र त्यसलाई सरकारले कति धेरै उपेक्षा गरेको छ भन्ने दृष्टान्त हेर्न कहीं जानुपर्दैन एक दिन सार्वजनिक यातायात चढेर हेरे पुग्छ ।

साझा यातायातले लेलेदेखि बुढानिलकण्ठ र अन्तर्राष्ट्रिय विमानस्थलदेखि नागढुंगा चेकपोष्टसम्म सेवा विस्तार गरेर जनतालाई सहज सुलभ र व्यवस्थित यातायातको बानी पारिरहेको, महानगर यातायात र अन्य यातायात कम्पनीले जीपीएस र जीआइएस नेटवर्क सिष्टम जडान गरेर आफूलाई व्यवस्थित र पारदर्शी बनाए पनि सरकारले त्यस्ता प्रयासहरुलाई देखीरहेको छैन् । सरकारले २ महिनामा खुइलिएर नामोनिसान नहुने रातो रंग सडकमा पोखेर सार्वजनिक यातायातमा समाजवाद आएको गफ दिइरेको छ । सार्वजनिक यातायात क्षेत्रलाई व्यवस्थित गर्न ठूला र व्यवस्थित सवारी साधनलाई सिष्टममा चलाउनेतर्फ ध्यान दिनुपर्छ ।

सवारी साधन स्टेसनमा आइपुग्ने सूचना, भाडादर तथा भुक्तानी सिष्टमलाई सूचना प्रविधिको प्रयोग गरेर व्यवस्थित गर्ने हो भने उपत्यकाकै सार्वजनिक यातायात सुधार्न सकिन्छ ।

## ७.राजनीतिक व्यक्तिको जीवनशैली सम्बन्धी कानून बनाऔं: २०८० जेष्ठ १

‘राजनीतिक व्यवस्था नै बदनाम हुने अवस्थालाई जोगाउनका लागि राजनीतिक व्यक्तिहरुको जीवनशैली सम्बन्धी कानुन बनाउन आवश्यक देखिएको छ, यो कानुन बनाउने कुरामा यो सम्मानित सदनलाई विशेष ध्यानाकर्षण गराइयोस् भन्ने कुरा माग गर्न चाहान्छु । सदाचार सस्कृति लोकतन्त्रको प्राण हो, आज भोलिको घटनाका सन्दर्भ हेर्दा लोकतन्त्रका लागि लड्ने राजनीतिप्रति जनतामा घृणा उत्पन्न भएको छ, इमान्दार, क्षमतावानहरु व्यक्तिहरु विस्तापित हुने अवस्था छ, तसर्थ भ्रष्ट्रचारका अनेक छिद्र बनेका कानुन संशोधन गरियोस् ।

## ८. सार्वजनिक संस्थाप्रति सरकारको धारणा माथि प्रश्न: २०८० जेष्ठ ११

सम्माननीय सभामुखज्यू,

हामी यो देशको अर्थव्यवस्थालाई बजेटमार्फत व्यवस्थित गर्ने सन्दर्भको छलफलमा छौं । हामी सबैले स्वीकारेका छौं अर्थतन्त्र जटील र अफ्ठेरो अवस्थामा छ । मैले केही तथ्यांकहरु पेश गर्दै आफ्नो विश्लेषण र सुझावलाई सम्मानित सदनमार्फत सरकारलाई राख्य चाहन्छु ।

मूल्य सूचकांकका आधारमा मुद्रास्फिती ७.७६ प्रतिशत रहेको छ । निर्यात २६.३ प्रतिशतले कम भएको छ । आयात करिब १८ प्रतिशतले घटेको छ । सरकारको राजस्व असुली गत वर्षको तुलनामा १२.६४ प्रतिशतले घटेको छ । चालु खाता समिक्षा अवधिमा ५१.८२ अर्बले घाटा रहेको छ । अमेरिकी डलरसंग चैत मसान्तको अवधिमा तुलना गर्ने हो भने नेपाली रुपैयाँ २.६९ प्रतिशतले अवमूल्यन भएको छ । हामी तलव र भत्तामा खर्च गर्नको लागि ऋण लिईरहेका छौं । नीजि क्षेत्रका लगानीकर्ताहरु भागदौडमा छन् । हात उठाएर आफ्ना उद्योगका चावी सरकारलाई बुझाउछौं भनिरहेका छन् ।

यस्तो अवस्थामा तथ्यांकले भन्छ शिक्षामा रु ४३.६७ अर्ब बाहिरिएको छ संगसंगै अर्को तथ्यांकले हामीलाई भन्छ २२ लाख युवाहरु देशबाहिर छन् । अनि हाम्रो नीति तथा कार्यक्रमको १६० नं बुँदाले भन्छ राहदानी राष्ट्रिय परिचयपत्र सवारी चालक अनुमतिपत्र संगसंगै हामी नेपालबाहिर अध्ययनका लागि दिइने नो अब्जेक्सन लेटर सहज रुपमा उपलब्ध गराउँछौं । यो सहजताको विषय युवाहरुलाई देशमा राख्ने नीतिसँग कहाँ जोडिन्छ ? हाम्रो देशको समृद्धिसंग कहाँ जोडिन्छ । यो नीति तथा कार्यक्रमले संगसंगै एउटा अनिवार्य सर्त यहिँ बसेर काम गर्ने वातावरण निर्माण गर्नुको साटो नो अब्जेक्सन लेटर प्रदान गर्ने उत्प्रेरणाप्रति गम्भिरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छु । युवाहरु विहिनताको देश निर्माण गर्ने बाटोमा आईरहेको नीतिलाई सच्याउन माग राख्न चाहन्छु ।

सम्माननीय सभामुखज्यू,

जलवायु परिवर्तन अहिलेको सबैभन्दा पेचिलो विषय बनेको छ । जलवायु परिवर्तनका कारण अतिबृष्टि र अनाबृष्टिले मूलत: कृषि क्षेत्र प्रभावित भएको छ । बेमौसमी वर्षादले बाढी र प्रकोपहरुमा बृद्धि र बढ्दो उष्णताले हिमपहिरोको जोखिम बढेको छ । सिंगै बस्तीहरु विस्थापित भईरहेका समाचार हामीले सुनिरहेका छौं । जैविक विविधता लोप भईरहेको छ । संयुक्त राष्ट्रसंघ समक्ष नै नेपालको संसदबाट संकल्प प्रस्ताव नै गरेर कार्वन उत्सर्जन कम गर्ने देशहरुको अधिकारको रुपमा रहेको जलवायु वित्तीय सहयोग प्राप्तीको पहल गर्न जरुरी छ । तर विकसित देशहरुले नेपाललाई सन् २०२० देखि प्रदान गर्ने भनिएको १०० अर्ब युएस डलर जलवायु वित्तीय सहयोग दिने व्यवस्था हाम्रो देशको सरकारको नेगोसियन कमीले प्राप्त हुन सकिरहेको छैन । यो सहयोग हाम्रो कुनै अपेक्षाको विषय नभएर अधिकारको विषय हो । त्यसकारण यस्ता विषयतर्फ सरकारले गम्भिरतापूर्वक ध्यान दिन जरुरी छ ।

सम्माननीय सभामुखज्यू,

सार्वजनिक सँस्थानको विषयमा सबैले आफ्नो आफ्नो कोणबाट विश्लेषण गरिरहनुभएकै हुन्छौं । सार्वजनिक सँस्थानप्रतिको सरकारको धारणा केहो ? सम्मानित सदनलाई जानकारी गराईनुपर्छ । सबै पार्टीहरुले आफ्नो सुविधा र अनुकुलताअनुसार सार्वजनिक सँस्थानको विषयमा बोलेको पाइन्छ । तर यो नीति तथा कार्यक्रमले हाम्रा सार्वजनिक सँस्थानहरुले भोगिरहेको समस्याका बारेमा सम्बोधन गरेको छैन । सम्बोधन गर्न आवश्यक छ भन्ने कुरा ध्यानाकर्षण गराउन चाहन्छु । समग्रतामा यो नीति तथा कार्यक्रमले देशको अर्थतन्त्र ठिकठाक छ, सर्बसाधारण महंगीको मारमा छैनन्, उद्योगी व्यवसायीहरु उच्च व्याजदरको मारमा छैनन, कर्मचारीहरुले समयमै तलव पाईरहेका छन् भन्ने संकेत गरेको छ । देशको वर्तमान आर्थिक अवस्थालाई सम्वोधन गर्न अर्थतन्त्रको रिफर्म गर्न आवश्यक छ ।

सरकारले रिफर्म गर्नुपर्ने आवश्यकता भएको अर्थतन्त्रलाई उत्थान गर्ने गरी नीति तथा कार्यक्रमलाई सच्याएर अगाडि बढोस् र बजेटमा व्यवस्थित गरोस् भन्ने कुरा यो सम्मानित सदनमा सभामुखज्यू मार्फत ध्यानाकर्षण गराउन चाहन्छु ।

धन्यवाद

## ९.बेथितिको साक्षी कहिलेसम्म बन्ने सरकार? २०८० श्रावण २८

सम्माननीय सभामुख महोदय,

सीटीईभीटी अन्तर्गतका प्रिडिप्लोमा तहका स्वास्थ्य विषयका १३७ वटा र स्टाफ नर्स ७३ वटा, विश्वविद्यालय अन्तर्गतका स्नातक तहका बिएन १० र बिएस्सी नर्सिङ ८ वटा शिक्षण संस्था बन्द भएका छन्', नेपालमा धमाधम शिक्षण संस्था बन्द हुँदा भारतीय सीमा नाकामा भने धमाधम मेडिकल कलेज तथा शिक्षालय खुलिरहेका छन् । पछिल्लो समय सीमावर्ती क्षेत्रमा मात्र १५७ वटा नर्सिङ कलेज खुलेका छन्, जसले नेपाली विद्यार्थी लक्षित गरेर खोलिएको छ। सीमा क्षेत्रमा शिक्षण संस्था खोलेर खुला चुनौतीका साथ अनुगमन आऊ भनेर भारतीय पक्षले भनिरहेको छ।' यस्ता बेथितिको साक्षी आफूहरुले कहिले सम्म बन्ने हो सरकार ? आवश्यक मापदण्ड पुरा गरेर अध्ययन अध्यापन सहज बनाउन म आग्रह गर्दछु ।

## १०. विद्युत विधेयक २०८०- २०८० आश्विन २२

विकेन्द्रीकरणको उद्देश्यकासाथ ल्याइएको यो विधेयकले तिन तहका सरकारहरुलाई यसले अपनत्वको प्रत्याभूति दिन सकेको छैन् यसलाई सच्याउन अनुरोध गर्न चाहन्छु ।

विद्युत व्यापार सम्बन्धी क्षेत्राधिकार सबै तहमा बाँडफाँड हुनुपर्छ  र प्राकृतिक श्रोतको उच्चतम उपयोगको विषयको कुरा चल्दागर्दा त्यो विषय ओझेलमा परेको जस्तो भएको छ ।

साथै स्थानिय जनताको विद्युतमा लगानीलाई व्यवस्थित र मुनाफाको प्रत्याभूतिको विषयमा पनि ठोस् कदम चाल्न म सरकारलाई आग्रह गर्दछु जहाँ पिपिपि बारे प्रष्ट धारणा आउनुपर्छ ।

कार्बोन व्यापार, स्टोरेज, उर्जा क्षमता, नविकरणीय उर्जाका विषयमा पनि यो विधेयकमा कुरा उठेको छैन् त्यसतर्फ समेत ध्यान दिनुहुन अनुरोध गर्दछु ।

उत्पादनलाई प्रतिष्पर्धात्मक बनाउने विषयमा समेत ध्यान दिन अनुरोध गर्दछु । साथै अनुमतिपत्र प्रदान गरिसकेपछी तिन तहका सरकार बिचमा कसरी समन्वय गर्ने भन्ने अन्योल भएको छ जसले गर्दा उत्पादित बिजुली वितरणमा समस्या आइरहेको छ ।

अन्तिममा उत्पादकहरुलाई बजारको सुनिश्चितताको विषयमा समेत निर्धक्क बनाउने गरी विधेयक आउन जरूरी छ ।

# अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा राखेका विषयहरु:

## १. संसदीय समितिको सभापति चयनमा भएको ढिलासुस्तिका सम्बन्धमा: २०८० असार २५

संसद बैठक सुरु भएको ०७ महिना बित्नैलाग्दा समेत समिति सभापति चयन हुन नसक्दा बैठकहरु प्रभावकारी ढंगमा अगाडी बढ्न सकेको थिएन । सरकारले सार्वभौम संसदको समितिहरुमा गरेको त्यस किसीमको लापरवाहीका बारेमा मैले बैठकमा समिति सभापति चुन्न कहाँ उजुरी गर्नुपर्ने हो भनेर प्रश्न राखेकी थिएँ ।

संसदीय समितिहरु त्यती लामो समय सभापति बिहानको अवस्थामा जानु हुँदैन् ।प्रतिपक्षले संसदीय समिति सभापति चयनमा सघाउने र परराष्ट्रमन्त्री एनपी साउदलाई सम्बन्धित ठाउँमा कुरा पुऱ्याउन आग्रह गर्दछु । समिति सभापति चयन नहुँदा धेरै काम रोकिएको अनुभव भएको छ । समिति सभापति टुंग्याउने कुरामा मन्त्रीहरूले पनि पहलकदमी लिइदिनुयो भने यो विषय छिटो टुंगोमा पुग्छ ।

त्यसपछाडी केही समयपश्चात् सभापति चयन भएको थियो ।

## २. अध्यागमनहरुको कमजोरी पहिचान गरी सच्याउन जरुरी रहेको सम्बन्धमा : २०८० असोज ५

सिंहदरबारमा बसेको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको बैठकमा मैले अध्यागमन विभागहरुको अध्ययन् जरुरी रहेको बताएँ । मैले अध्यागमनहरुको कमजोरी पहिचान गरी सच्याएर अध्यागमनहरुलाई बलियो बनाउनुपर्नेमा समेत जोड दिएकी थिएँ । बढी नेपालीहरु रहेको देशमा रहेका नेपाली दुतावासहरुमा जनशक्ति बढाएर त्यहाँ रहेका नेपालीहरुलाई सहज सुविधाको व्यवस्था गर्नुपर्छ।सम्बन्धित देशमा नेपालीको संख्या कति छ ? भन्नेसम्मको एउटा तथ्यांक सहित व्यवस्थित कार्ययोजना बनाउन आवश्यक रहेको छ । विदेशस्थित दुतावहरुमा जनशक्ति बढाएर त्यहाँ रहेका नेपालीहरुको सेवालाई सहज बनाउनु पर्छ ।

## ३. नेपालको विमानलाई इजरायलमा अनुमति नदिएको सम्बन्धमाः २०८० आश्विन २३

मैले इजरायलमा रहेको नेपालीहरूको तत्काल उद्धार गर्न सरकारलाई बैठक मार्फत आग्रह गरेकी छु। इजरायलमा तत्काल युद्ध रोकिने अवस्था नदेखिएको र त्यहाँ रहेका नेपालीहरूलाई नेपाल ल्याउने काम गर्न आग्रह गर्दछु। साथै मन्त्रीज्यूलाई इजरायलले नेपाली विमानलाई अवतरण अनुमति दिएको छैन भन्ने कुरा आएकोले त्यसबारेमा प्रस्ट पार्न आग्रह गर्दछु।